# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दुल्लु, दैलेख

## सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सुचना

**दोस्रो पटक प्रकाशित मिति २०७७/७/१९**

**यस कार्यालयबाट चालू आ.व. २०७७/०७८ मा देहाय अनुसारका सामाग्री खरिद गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त उत्पादक वा आपूर्तिकताहरुबाट देहायका शर्तहरुको अधिनमा रही तोकिएको समयभित्र रितपूर्वकको सिलबन्दी दरभाउ पत्र पेश गर्नहुन सुचित गरिन्छ ।**

१. सिलबन्दी दरभाउपत्र फारम यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र नविकरण भएको इजाजत पत्र तथा मुल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, आ.व २०७६/०७७ (सो नभएमा आ.व. २०७५/०७६) सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि, दरभाउपत्र दस्तुर रु १०००।०० पछि फिर्ता नहुने गरी यस कार्यालयको रा.बा.बैंक दुल्लू स्थित हि.नं. **४३४०१००३०१०१०००२ ( आन्तरिक राजश्व खाता)** मा जम्मा गरी सोको सक्कल भौचर वा कार्यालयमा नगदै जम्मा गरी सोको रसिद र दरभाउपत्र सम्बन्धी कागजातहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारिक प्रतिनिधि पठाई निवेदन दिई खरिद गर्न सकिनेछ ।

२. सिलबन्दी दरभाउपत्रको प्रत्येक पानामा सहिछाप गरि दरभाउपत्र साथ तपसिलमा उल्लेखित कार्यको लागी तपसिल बमोजिमको धरौटी रकम यस कार्यालयको नाममा रा.वा.बैंक दुल्लू शाखामा रहेको हि.नं. **४३४०१००३०३०००००२ (धरौटी खाता)** मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको कम्तिमा ९० (नब्बे) दिन म्याद भएको बैंक जमानी पत्र (विड वण्ड) संलग्न राखि यस कार्यालयमा यो सूचना प्रकाशन भएको १६ औँ दिनको १२:०० बजेभित्र दर्ता गर्नुपर्ने छ ।

३. सूचना प्रकाशन भएको मितिले १६ औ दिनको १२:०० बजे भित्र दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र सोही दिनको २:०० बजे भित्र दरभाउपत्रदाता वा निजको प्रतिनिधिका रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त दिनको लगत्तै (कार्यालय खुलेको दिन) सोहि समयभित्र खरिद र दाखिला गर्न सकिनेछ ।

४. दररेट पेश गर्दा प्रत्येक आइटम अंक र अक्षर दुवैमा प्रष्ट लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दररेट लाई मान्यता दिइनेछ । उल्लेख गरेको विवरण गल्ती भई सच्याउनु पर्ने भएमा खुर्कने, मेट्ने वा टिपेक्स लगाउने कार्य नगरी पढ्न सकिने गरी एउटा धर्सोले काटी विवरण थप्नुपर्ने भएमा थप चिन्ह प्रयोग गरी थप गर्ने र थप गरेको तथा काटेको स्थानमा पछि थपघट गर्न नमिल्ने गरी अगाडी पछाडी हस्ताक्षर गरेको हुनुपर्नेछ । सो बमोजिम नभएको दरभाउपत्रलाई मुल्यांकनमा समावेश गरिनेछैन ।

५. दरभाउपत्र दाताले दरभाउपत्र साथ आफू खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वधोषणा संलग्न गर्नुपर्नेछ ।

**६. दरभाउपत्रदाताले दरभाउपत्रको साथ आफूले आपूर्ति गर्ने सामाग्रीको उत्पादक कम्पनी (ब्राण्ड) को आधिकारिक विक्रेता भएको पत्र/प्रमाणपत्र समेत संलग्न राख्नुपर्नेछ ।**

७. रित नपुगी आएका वा म्याद गुज्री आएको वा अन्य शर्त राखि पेश हुन आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. दरभाउपत्र पेश गर्दा अनिवार्य रुपमा सम्पर्क नम्बर र इमेल ठेगाना उल्लेख गर्नुपर्ने छ र पछि यस कार्यालयको तर्फबाट पत्राचार गर्दा सोही इमेल ठेगानामा पत्राचार गरिनेछ । त्यसरी भएगरेको पत्राचारलाई यस दरभाउपत्र तथा सम्झौताको अभिन्न अंगको रुपमा लिइनेछ ।

९. दरभाउपत्र पुर्ण वा आशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. यसमा उल्लेखित भएकोमा यसै बमोजीम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

११. थप जानकारीको लागि कार्यालय समयभित्र कार्यालयको टेलिफोन नम्बर ०८९-४११०३७, ४११०३८ मा सम्पर्क गर्न सकिनेछ । यो सूचना यस कार्यालयको website: www.dullumun.gov.np मा समेत प्रकाशन गरिएको छ ।

| क्र.सं | सिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | दरभाउपत्र दस्तुर (रु.) | लागत अनुमान (मुल्य अभिवृद्धि कर सहित) | धरौटी रकम रु | निर्माण व्यावसायीको वर्ग |
|---|---|---|---|---|---|---|
| १ | ६-०७७/०७८ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सञ्चालनार्थ वडा कार्यालयहरुको लागि डेक्सटप कम्प्युटर, प्रिन्टर, स्क्यानर तथा 4G Wirelwss Dongol खरिद तथा जडान | १,०००।०० | १२,६०,०००।०० | ३२,०००।०० | इजाजत प्राप्त आपूर्तीकर्ताहरु |
| २ | ७-०७७/०७८ | न.पा. कार्यालयको लागि कम्प्युटर सामाग्री खरिद | १,०००।०० | १०,५५,०००।०० | २७,०००।०० | इजाजत प्राप्त आपूर्तीकर्ताहरु |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत